# कर बुलेटिन
Tax Bulletin

http://www.ird.gov.np आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ३, अङ्क १२, २०७३ असार, Year 3, Issue 12, July 2016


## राजस्व संकलन २८ प्रतिशतले वृद्धि

आर्थिक वर्ष २०७२/०७३ असार मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा २८ प्रतिशतले वृद्धि भएको छ। आ.व २०७२/०७३ मा आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरुको राजस्वको संकलनको लक्ष्य रु. १ खर्व ९४ अर्व ६७ करोड ६२ लाख ९९ हजार भएकोमा २०७३ असारसम्म रु. २ खर्व ४ अर्व ४३ करोड ५३ लाख ९२ हजार असुली भएको छ।ार्थिक वर्ष २०७२/०७३ को लागि आयकर तर्फ जम्मा रु

| शीर्षक | रु हजारमा | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७१/०७२ | | | २०७२/०७३ | | |
| | लक्ष्य | असुली | प्रगति प्रतिशत | लक्ष्य | असुली | प्रगति प्रतिशत |
| आयकर | ७८६३२९९२ | ७९६७१०९६ | १०१ | ९७६७०९३७ | १०६९५३७६६ | ११० |
| बहालकर | ४५५१६४० | २६६००९४ | ५८ | ३२०९५८० | ३३३१४८७ | १०४ |
| व्याजकर | ६४८५३६८ | ६१२७९०० | ९४ | ८१९४२२६ | ६८४५९२१ | ८४ |
| जम्मा आयकर | ८९६७०००० | ८८४५९०९० | ९९ | १०९०७४७४३ | ११७१३११७४ | १०७ |
| मू.अ.कर | ३८१६०००० | ३९५५५२६२ | १०४ | ४८१८०१४२ | ४९८२३५३६ | १०३ |
| अन्तशुल्क | २८५३०००० | ३१०५२२१६ | १०९ | ३५९४५७९२ | ३६१९३१४० | १०१ |
| स्वास्थ्य सेवा कर | ५००००० | ४६१६१६ | ९२ | ६४६८४८ | ५६६८१८ | ८८ |
| शिक्षा सेवा शुल्क | ६४०००० | ५६२९०६ | ८८ | ८२८७७४ | ७२०७२४ | ८७ |
| जम्मा | १५७५०००००० | १६००९१०९० | १०२ | १९४६७६२९९ | २०४४३५३९२ | १०५ |

१ खर्व ९ अर्व ७ करोड ४७ लाख ४३ हजार, मू.अ.कर तर्फ रु.४८ अर्व १८ करोड १ लाख ४२ हजार, अन्त:शुल्क तर्फ रु ३५ अर्व ९४ करोड ५७ लाख ९२ हजार, शिक्षा सेवा शुल्क तर्फ रु.६४ करोड ६८ लाख ४८ हजार र स्वास्थ्य सेवा शुल्क तर्फ रु.८२ करोड ८७ लाख ७४ हजार लक्ष्य समेत जम्मा रु १९४ अर्व ६७ करोड ६२ लाख ९९ हजार लक्ष्य तोकिएकोमा २०७३ साल असार महिनासम्मको प्रगति विवरण अनुसारबाँकी १२ पेजमा....

## सार्क स्तरीय कर सम्बन्धी सेमिनार सम्पन्न




दक्षिण एशियाली सहयोग संगठन (सार्क) को दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्भौता सम्बन्धी तीन दिने सेमिनारमा सहभागीहरुसंगै महानिर्देशक श्री चुडामणि शर्मा

काठमाडौं। दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्भौता सम्बन्धी तीन दिने सेमिनारको आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले असार २७ गते सोमवार पानसमा बत्ती बालेर उद्घाटन गर्नु भएको थियो। पाकिस्तान वाहेक सार्कका सबै सात देश र सार्क सचिवालयका प्रतिनिधिहरु सम्मिलित उक्त सेमिनार असार २९ गते सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्दै सम्पन्न भएको छ।

सेमिनारको उद्घाटन गर्नुहुदै महानिर्देशक शर्माले अहिलेको विश्वव्यापीकरणको युगमा सीमा विहिन वित्तीय कारोवारहरुले ल्याएका अवसर र चुनौतिहरुको सम्बोधन साझा प्रयासबाट हुने उल्लेख गर्नुभयो।

सार्क देशका राम्रा अभ्यासहरुको साथै समस्याहरुको आदान प्रदानले कर छलि तथा वित्तीय अपराध नियन्त्रण गर्न मद्दत गर्ने बताउनुभयो।

यस्ता सेमिनारले आपसी सम्बन्धलाई थप प्रगाढ बनाउदै लैजाने बताउनुहुदै कर तथा वित्तीय छल कुनै देशको एकल प्रयासबाट सम्भव नहुने भएकाले सामूहिक प्रयासहरु अगाडि बढाउन जरुरी रहेको बताउनुभयो। यस दिशामा कर सम्बन्धी सन्धि सम्भौताको महत्वपूर्ण भूमिका हुने उल्लेख गर्नुहुंदै लगानीमैत्री वातावरण निर्माणमा यसले थप सहयोग पुऱ्याउने बताउनुभयो।

सेमिनारले कर सम्बन्धी सम्भौताका सिद्धान्त र व्यवहारिक कार्यान्वयनबीच रहेका खाडल कम गर्न सहयोग पुग्ने विश्वास लिएको वताउनुहुंदैं महानिर्देशकबाँकी १२ पेजमा....

### यसभित्र


कर प्रशासन सूचना प्रविधिको उपयोगमा धेरै अगाडि छ
भुपालराज बराल-प्रमुख कर प्रशासक
आन्तरिक राजस्व कार्यालय, काठमाडौं, क्षेत्र नं ३
पृष्ठ ३

करदाता सेवाकार्यालय जुम्लाको नवनिर्मित भवन समुदघाटन सम्पन्न
पृष्ठ ५

कर प्रशिक्षकलाई प्रमाणपत्र वितरण
पृष्ठ ११



# महानिर्देशकको सन्देश

**भर्खर मात्र दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्झौता सम्बन्धी तीन दिने प्रशिक्षण पनि असार महिनामा सम्पन्न भइसकेको छ । पाकिस्तान वाहेक सार्कका सबै सात देश र सार्क सचिवालयका प्रतिनिधिहरु सो प्रशिक्षणमा सम्मिलित रहेका थिए । अहिलेको विश्वव्यापीकरणको युगमा सीमा विहीन वित्तीय कारोवारहरुले ल्याएका अवसर र चुनौतीहरुको सम्बोधन साझा प्रयासबाट मात्र हुने भएकाले यस्ता प्रशिक्षणको आवश्यकता भएको हो ।**

हामी आ.व. २०७२/०७३ को समय व्यतित गरी आ.व. २०७३/०७४ को शुरुवातमा छौं। यस समयमा हामीले आ.व. २०७२/०७३ को अवधिमा राजस्व प्रशासनबाट गरिएका महत्वपूर्ण र उल्लेख्य कार्य के गरियो त्यसको समीक्षा गरिरहेका छौं। आगामी वर्षको लागि के कस्ता कार्य योजना बनाउने भन्ने वारेको तयारी गरिरहेका छौं ।

आ.व. २०७२/०७३ को समीक्षा गर्दा विगत समयमा भएको भूकम्प र त्यसको प्रभाव, सीमा क्षेत्रमा भएको असहज परिस्थिति, तराई आन्दोलन एवं वन्द हड्तालको बाबजुद यस वर्षको राजस्व संकलन लक्ष्यभन्दा बढी संकलन गरिएको छ। राजस्व संकलनको लक्ष्य रु. १९४.६७ करोड भएकोमा रु. २०४.४३ संकलन गरी लक्ष्यको करिव १०५ प्रतिशत र करिव ९ अर्ब ७६ करोड रुपैयाले बढी राजस्व संकलन भएको छ। यो हामी राजस्व प्रशासनमा कार्य गर्ने सवैको लागि खुसीको विषय रहेको छ।

यस अवधिमा हामीले कर प्रशासन सुधारको लागि अर्थ मन्त्रालय र विभागको बीचमा साथै विभाग र कार्यालयको बीचमा कार्य सम्पादन सम्झौता गरेका थियौं र हामी अहिले त्यसको पनि समीक्षा गरिरहेका छौं।

कर प्रशासनद्वारा सम्पादन गरिने नियमित गर्ने कार्यहरु वेरुजु फर्स्योटको कार्य, बक्यौता असुली, कर परीक्षण तथा अनुसन्धान, करको दायरा विस्तार, आय विवरण तथा मूल्य अभिवृद्धि कर विवरण प्राप्ति, बजार अनुगमन, अवैध मदिरा नियन्त्रण लगायतका धेरै कार्यहरु प्रभावकारी रुपमा सम्पन्न गरी सकेका छौं।

यस अवधिमा हामीले वेभ साइटलाई अध्यावधिक गरेका छौं । जग्गा तथा घरजग्गाको निसर्गमा लाग्ने पूंजीगत लाभकर सम्बन्धी निर्देशिका, क्यासिनोका लागि आकस्मिक लाभकर निर्देशिका जारी गरेका छौं । साथै मूल्य अभिवृद्धि कर निर्देशिका, कर परीक्षण निर्देशिका, अन्तःशुल्क निर्देशिका र आन्तरिक ओसार पसार निर्देशिकाको परिमार्जन र दीर्घकालिन करार सम्बन्धी निर्देशिका जारी गर्ने कार्य गरिएको छ।

यस आर्थिक वर्षको जेठ १५ गते आ.व. २०७३/०७४ को लागि बजेट आएको छ। बजेटमा उल्लेख भएको राजस्व नीति र त्यसले निर्देशन गरेका कार्यहरुको कार्य योजना बनाई विभाग अगाडि बढेको छ। लगानीमैत्री वातावरण, वित्तीय उत्प्रेरणा, व्यापार सहजीकरण, कराधारको संरक्षण, पारदर्शिता, गैरकरको योगदान बढाउने गरी आ.व. २०७३/०७४ को राजस्व नीतिका उद्देश्य तय गरिएको छ।

आगामी वर्षको लागि हामीलाई २३४ अर्व राजस्व संकलनको लक्ष्य प्राप्त भैसकेको छ। सो लक्ष्य हासिल गर्नका लागि कार्य योजना बनाई कार्य गर्नु पर्नेछ। आर्थिक ऐनमा उल्लेख भएका विशेष व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने छ । हामीले आर्थिक ऐनबाट गरेका परिवर्तनहरुलाई उपयुक्त विधिबाट कार्यान्वयन गर्नुपर्नेछ । कार्यालयको संरचनालाई संघीय संरचना अनुरुप उपयुक्त हुने गरी परिवर्तन गर्नुपर्नेछ। राजस्व प्रशासनमा सूचना प्रविधिको प्रयोगलाई अझ बढाउदै कार्य सम्पादनलाई प्रभावकारी बनाउने, सक्षम कर प्रणाली मार्फत् आन्तरिक स्रोतको परिचालन गर्ने, स्वेच्छिक कर सहभागिता बढाउने, करका प्रकृयाहरुमा सरलीकरण गर्ने, पारदर्शी कर प्रणालीको स्थापना गर्ने, सक्षम जनशक्तिको विकास गर्ने जस्ता कार्यहरु सम्पादन गर्नु पर्नेछ।

भर्खर मात्र दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्झौता सम्बन्धी तीन दिने प्रशिक्षण सेमिनार पनि असार महिनामा सम्पन्न भइसकेको छ । पाकिस्तान वाहेक सार्कका सबै सात देश र सार्क सचिवालयका प्रतिनिधिहरु सो प्रशिक्षण सेमिनारमा सम्मिलित रहेका थिए। अहिलेको विश्वव्यापीकरणको युगमा सीमा विहीन वित्तीय कारोवारहरुले ल्याएका अवसर र चुनौतीहरुको सम्बोधन साझा प्रयासबाट मात्र हुने भएकाले यस्ता प्रशिक्षण सेमिनारको आवश्यकता भएको हो। सार्क देशका राम्रा अभ्यासहरुको साथै ज्ञान र सूचनाको आदान प्रदानले कर छली तथा वित्तीय अपराध नियन्त्रण गर्न मद्दत गर्दछ।

यस परिवेशमा म आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयमा कार्यरत सम्पूर्ण कार्यालय प्रमुख तथा कर्मचारीलाई विगत आर्थिक वर्षको राजस्व संकलन समेतको लक्ष्य पूरा गरेकोमा हार्दिक धन्यवाद दिन चाहन्छु।

अन्त्यमा, आ.व. २०७३/०७४ को राजस्व लक्ष्य तथा अन्य कार्य सम्पादनको लागि अझ बढी सक्रिय तथा गतिशिल हुँदै करदातामैत्री प्रशासनको आदर्शबाट निर्देशित भई कार्य सम्पादन गर्नको लागि हार्दिक अपिल गर्दछु।

२०७३, साउन

**चुडामणि शर्मा**
महानिर्देशक

# कर प्रशासन सूचना प्रविधिको उपयोगमा धेरै अगाडि छ



**भुपालराज बराल**
**प्रमुख कर प्रशासक**
**आन्तरिक राजस्व कार्यालय, काठमाडौं, क्षेत्र नं ३**

**० आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३ अन्तर्गतका करदाताहरुको कारोवारको संरचना तथा प्रकृतिको बारेमा बताइ दिनुहोस् ?**

– व्यवसाय संचालनको भौगोलिक क्षेत्र, व्यवसायको प्रकार र करदाताको बार्षिक कारोवार अंकका आधारमा विभागले सवै राजस्व कार्यालयहरुको कार्यक्षेत्राधिकार तोकेको छ। उपरोक्तानुसार रसुवा, नुवाकोट र धादिङ जिल्ला तथा काठमाडौं जिल्लाको तोकिएको भौगोलिक क्षेत्रभित्र सामान्यत: रु ५ करोड देखि ४० करोड सम्म वार्षिक कारोवार हुने करदाताको प्रशासन गर्ने कार्य यस कार्यालयले गर्ने गरेको छ। यस कार्यालयको कार्यक्षेत्रका करदाताहरुमा खासगरी वस्तु व्यापार, आयात निर्यातकर्ता, पर्यटन क्षेत्रका व्यवसायी करदाता (ट्राभल, ट्रेकिङ, टुरिज्म, होटलहरु) आदि तथा पेट्रोलियम पदार्थको कारोवार गर्ने करदाताको वाहुल्यता रहेको छ।

**० आर्थिक वर्ष सकिन केही दिन मात्र बांकी रहेको सन्दर्भमा राजस्वको लक्ष्य र असुलीको अवस्थाको वारेमा उल्लेख गर्दै आगामी दिनको रणनीति बारेमा केही बताइ दिनुहोस् ?**

– यस कार्यालयको लागि रु. ३ अर्व ९ करोड बराबरको राजस्व संकलन गर्ने लक्ष्य दिईएको छ जुन गत आ.व.को कूल राजस्व संकलनको करिव ४३% ले बढी हुन आउंछ। आजसम्म (०७३।३।२५ सम्म) कूल राजस्व लक्ष्यको करिव ८५% संकलन भइसकेको अवस्था छ र लक्ष्य बमोजिम राजस्व संकलन गर्न सक्रियतासाथ लागिरहेका छौं। राजस्व संकलनलाई प्रभावकारी वनाउन पूर्ण कर परीक्षण, चालु वर्षको कर परीक्षण, अनुसन्धानात्मक कर परीक्षण, बजार अनुगमन जस्ता कार्यहरुलाई प्राथमिकता साथ वढाइएको छ भने नियमित कर दाखिला तथा बेरुजु/बक्यौता फछ्यौटका लागि करदातालाई सम्पर्क गरी आवश्यक पहल र सहयोग गरिरहेका छौं।

**० बजारमा विल विजक लिने दिने तथा कर चुहावट नियन्त्रणाका लागि के कस्ता क्रियाकलाप संचालन भईरहेका छन् सो बारेमा बताइदिनुहोस्।**

– आन्तरिक राजस्व कार्यालयबाट कर अधिकृतहरुलाई बजार निरीक्षण, चालु वर्षको कर परीक्षण, पूर्ण कर परीक्षण तथा अनुसन्धानात्मक कर परीक्षण, अग्रिम कर परीक्षण जस्ता कार्य सम्पन्न गर्न नियमित रुपमा बजार पठाउने गरिएको छ। यसरी हेर्दा बिल विजक जारी नगरेको वा मौज्दात रेकर्ड नमिलेको पाइएमा कानून बमोजिम कारवाही गरी जरिवाना असूल गर्ने गरिएको छ। साथै, करदातालाई कर सम्वन्धी परामर्श समेत दिने गरिएको छ।

**० विगत लामो समयदेखि रहेका बक्यौताको असुली सम्बन्धी कुनै रणनीति बनाउनु भएको छ, छ भने प्रकाश पारिदिनुहोस् न ?**

– यस कार्यालयको कूल बक्यौता असूलीको प्रगती अवस्था उत्साहजनक रहेको छ। आर्थिक ऐनको प्रावधान बमोजिम केही पुराना बक्यौता अपलेखन गरिएको छ भने पुरानो बक्यौताको ठूलो अंश कर फछ्र्यौट आयोगबाट Settlement भइसकेको अवस्था छ। त्यसैगरी करदातालाई नियमित सम्पर्क र पत्राचार गरी बक्यौता कर दाखिला गर्न लगाइएको छ तथा बक्यौता दाखिला गर्न अटेर गर्ने करदाताको बैंक खाता रोक्का, सम्पत्ति रोक्का राख्ने, आयात निर्यात रोक्का राख्ने जस्ता कानूनी कारवाही समेत गर्ने गरिएको छ।

**० हाल कारोवार गरिरहेका करदाताहरुको कर सहभागितको स्तर र समस्याहरुको वारेमा केही वताई दिनुहोस्।**

– कर सहभागिताको स्तरमा क्रमश: सुधार आएको अवस्था छ। गत वर्षमा यस कार्यालय अन्तरगत रहेका जम्मा ८८९ करदाताले आयविवरण दाखिला गरेका थिए भने चालु आ.व.मा ११५१ आयविवरण प्राप्त भएको छ। मू.अ.करतर्फ पछिल्लो २०७३ जेष्ठ महिनाको हेर्दा २.४२ प्रतिशत ननफाइलरको अवस्था देखिन्छ। तर हामी यसलाई १ प्रतिशतभित्र राख्न प्रयासरत रहेका छौ। त्यस्तै अग्रिम कर कट्टीको विवरण गत वर्षभन्दा यस वर्ष १४६८ ले वढि प्राप्त भएको छ। त्यस्तै अन्य विवरणहरुको अवस्था पनि सन्तोषजनक नै छ। तर पनि मू.अ.कर ननफाईलरलाई प्रत्येक महिनामा १ प्रतिशतभित्र राखिरहन र आयविवरण प्राप्तिको अवस्थामा सुधार गर्न भने चुनौतिपूर्ण देखिन्छ। कार्यालयको कार्यक्षेत्र काठमाण्डौ उपत्यका मात्र नभई रसुवा, नुवाकोट र धादिङ समेत भएको हुदाँ तत्कालै करदाताको निरीक्षण एवं मैत्रीपुर्ण भ्रमण गर्न सहज नहुनु, विभिन्न छुट सुविधा प्राप्त हुने आशामा वक्यौता नै राखिरहन खोज्नु जस्ता कारणले करदाताहरुले पूर्ण रुपमा फाइलर एवं बक्यौता फरफारक गर्न इच्छुक नभएको अवस्था पनि देखिएको छ।

**० कर प्रशासनका कार्यहरु प्रविधि मैत्री छ भनिन्छ, हाल कार्यालयमा सूचना प्रविधिको प्रयोगको अवस्थावारे वताई दिनुहुन्छ कि ?**

– सार्वजनिक सेवा प्रवाह गर्ने अन्य सरकारी निकायहरु भन्दा कर प्रशासन सूचना प्रविधिको उपयोगमा धेरै अगाडी रहेको छ। यसले गर्दा हामीले सार्वजनिक प्रशासनमा भन्दै आएको face-less र paper-less प्रशासनको अवधारणालाई बल पुगेको छ। जसले गर्दा कर प्रशासन पारदर्शी हुनुका साथै सरोकारवालाको विश्वासमा अभिवृद्धि हुन गएको छ। करदाताहरुले कर सम्वन्धि सम्पूर्ण विवरणहरु सूचना प्रविधिको माध्यमवाट पेश गर्ने सुविधा प्राप्त गरेका छन् भने कर प्रशासनका क्रियाकलापहरु पनि सुचना प्रविधिमै आधारित भएर अभिलेख हुने र सोको अनुगमन र मूल्यांकन हुने प्रणाली समेत रहेको छ। करदाताहरुको सुविधाको लागि कार्यालयमै आएर पनि विवरणहरु पेश गर्न सक्ने व्यवस्थाका लागि कम्प्युटर सहितको सहायता कक्ष र सहजीकरणका

लागि कर्मचारी समेत परिचालन गरिएको छ। अग्रिम कर कट्टी विवरण वाहेक सवै कर विवरणहरु करदाताले नै भेरिफिकेशन गर्न सक्ने गरी कार्यालयमा सर्म्पक गर्नु नपर्ने व्यवस्था गरिएको छ । कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई सूचना प्रविधि सम्वन्धि आन्तरिक रुपमा तालिम समेत दिने गरिएको छ। साथै कार्यालयमा दर्ता चलानी लगायत अन्य आन्तरिक प्रशासनका प्रक्रियाहरुलाई पनि कम्प्युटर प्रविधिसंग आवद्धता गरिएको छ। कर चुक्ता लगायत अन्य सेवाहरुमा समेत क्रमशः अनलाईन माध्यमवाट सेवा प्रदान गर्नेतर्फ प्रयास भईरहेको छ।

**० करदाता शिक्षा कर प्रशासनको महत्वपूर्ण कार्य हो त्यसैले करदातालाई शिक्षित वनाउन कस्ता खालका कार्यक्रम सञ्चालन गर्नु भएको छ ?**

- करदाता शिक्षालाई कर सहभागिता अभिवृद्धि गर्ने एक महत्वपूर्ण रणनीतिको रुपमा अवलम्वन गरिएको छ। कर कानूनमा भएका व्यवस्थाहरुलाई सरल एवं वुझ्न सकिने तरिकाले करदाताहरुलाई जानकारी गराउने, सालवसाली रुपमा आउने आर्थिक ऐनवाट भएका छुट, सुविधा एवं परिवर्तनहरुका सम्वन्धमा प्रचार प्रसार गर्ने र करदाताहरुलाई सचेत वनाउने, स्कुल तथा कलेजस्तरमा करसम्वन्धि विषयमा विद्यार्थीहरुलाई जानकारी गराउने, करदाताको परिसरमै गई विभिन्न Tax application का वारेमा प्रशिक्षण दिने जस्ता कार्यहरु सञ्चालन गरिएको छ। यस्ता कार्यक्रमहरु कार्यालयको तर्फवाट मात्रै नभएर करदाता एवं तिनका विभिन्न वस्तुगत संघ संस्थाहरुसंग समेत समन्वय गरी आवश्यकताको आधारमा समेत करदाता शिक्षा कार्यक्रमहरु सञ्चालन गरिएको छ । प्रतिकूल परिस्थितिका वावजुद पनि चालु आ.व.मा २० वटा यस प्रकारका कार्यक्रमहरु सञ्चालन गरिसकिएको छ।

**० हाल राजस्व प्रशासनले विगत लामो समयदेखि झेल्दै आएका समस्याहरु जस्तै ननफाइलर, वक्यौता व्यवस्थापन, दर्ता खारेजी लगायतका विषयमा के कस्ता रणनीतिहरु अवलम्वन गरिएका छन् ?**

- राजस्व प्रशासनमा ननफाइलर, बक्यौता व्यवस्थापन एवं दर्ता खारेजी जस्ता विषयहरु चुनौतिको रुपमा रहेका छन्। ननफाइलर निश्चित सीमाभित्र राख्न, वक्यौता एवं पुनरावेदन लगतहरु अद्यावधिक गर्न र स्थगन निवेदन दिएका करदाताहरुको समयमै दर्ता खारेजीको कार्य सम्पन्न गर्न विभागीय निर्देशन वमोजिम योजनावद्ध रुपमा जनशक्ति परिचालन गरिएको छ । यस कार्यालयले मूलत: रु पाँच करोड भन्दा वढि कारोवार हुने करदाताको मात्र प्रशासन सञ्चालन गर्ने हुँदा आर्थिक ऐनले व्यवस्था गरे बमोजिमका थ्रेसहोल्ड भन्दा मुनिका साना करदाताहरुको खारेजी गर्ने कार्य सम्वन्धित सेवा कार्यालयहरुको भएतापनि साविकमा स्थगनको निवेदन दिएका दर्ता खारेजी गर्न वाँकि देखिई यस कार्यालय अन्तरगत रहिरहेका करदाताहरुको दर्ता खारेजीलाई उच्च प्राथमिकतामा राखिएको छ । ननफाइलरलाई निश्चित सीमाभित्र राख्नको लागि त्यस्ता करदाताहरुसंग निरन्तर टेलिफोन सर्म्पक गर्ने, पत्राचार गर्ने, चालु आयवर्षको परिक्षण, अग्रिम कर कट्टी परिक्षण, एवं अनुसन्धानको दायरामा समेत ल्याउने र ननफाइलर उपर कर निर्धारण समेत गरिएको छ । त्यस्तै वक्यौता व्यवस्थापनको लागि वक्यौतालाई वर्गिकरण गरी बक्यौता संकलन भ्रमण, पुरानो वक्यौता फरफारक गर्न दाखिला गरिसकेका भौचरहरुको समायोजन गरिदिने, धेरै प्रयास गर्दा पनि नतिर्ने उपर कानूनी कारवाही गरी भुक्तानी रोक्का, वैंक खाता रोक्का, जग्गा रोक्का एवं आयात निर्यात रोक्का जस्ता कारवाही गरी राजस्व वक्यौता असुली गर्ने गरिएको छ।

**० हाल बजेट वक्तव्य तथा आर्थिक विधेयकवाट भएका परिवर्तनलाई व्यवहारमा उतार्नका लागि यस कार्यालयसंग सम्वन्धित विषयमा कार्ययोजना वनाउनु भएको छ ?**

- आर्थिक वर्ष २०७३।०७४ को वजेट वक्तव्यमा उल्लेखित राजस्व नीतिका उद्देश्यहरु हासिल गर्न कर सेवा प्रवाहमा सरलीकरण गर्ने, करदाता मैत्री कर व्यवहारमा जोड दिने, करदाता शिक्षा कार्यक्रमहरुलाई सघन रुपमा सञ्चालन गर्ने, आर्थिक ऐनले व्यवस्था गरेका छुट तथा सुविधाहरु एवं कर कानूनमा भएका परिवर्तनहरुवारे प्रचार प्रसार गर्ने, दर्ता खारेजी प्रक्रियालाई तोकिएको अवधिभित्रै सम्पन्न गर्ने गरी दर्ता खारेजी परीक्षणलाई उच्च प्राथमिकतामा राखी कार्ययोजना तयार गरिसकिएको छ । चालु आर्थिक वर्ष समाप्त भएपश्चात श्रावण १ गतेदेखि नै कार्ययोजनालाई व्यवहारमा रुपान्तरण गरिने प्रतिवद्धता समेत म व्यक्त गर्न चाहन्छु। साथै कर विवरणहरु प्राप्त गर्ने, ननफाइलरलाई निश्चित सिमाभित्र राख्ने, तोकिएको राजस्व लक्ष्य हासिल गर्न र राजस्व बक्यौता असुलीमा तिव्रता दिने तर्फ पनि विभिन्न रणनीतिहरु अवलम्वन गरिएको छ।

**० कर प्रणाली सुधार तथा करको दायरा विस्तारका लागि गरिएका कार्यहरु वारेमा प्रकाश पारिदिनुहोस ?**

- कर प्रशासन कार्यान्वयन गर्ने केन्द्रीय निकायको रुपमा अर्थ मन्त्रालय अन्तरगत आन्तरिक राजस्व विभाग रहेको छ। नेपालभर रहेका आन्तरिक राजस्व कार्यालयहरु, करदाता सेवा कार्यालयहरु विभागको नीति निर्देशनको अधिनमा रही कार्य गरिरहेका हुन्छन। कर प्रणाली सुधारले प्रमुख रुपमा कर कानून, करदाता र कर प्रशासनको सुधारलाई समेट्छ। कार्यालयको तर्फवाट भन्नुपर्दा कार्यालयले विभागिय नीति निर्देशन अन्तरगत रही कर कानूनको व्यवहारिक कार्यान्वयन गर्दा आई परेका विषयमा नीतिगत सुधारका साथै करदाताले भोग्नुपरेका व्यवहारिक पक्षहरुका वारेमा पृष्ठपोषण दिने गरिएको छ । कर प्रशासनलाई चुस्त दुरुस्त राख्ने, कर सेवा प्रवाहलाई पारदर्शि एवं करदाता मैत्री बनाउने, मागमा आधारित करशिक्षा कार्यक्रममा जोड दिने, आफ्नो कार्यक्षेत्र भित्र भए गरिएका आर्थिक गतिविधि उपर नियमित अनुगमन गरी करको दायरा विस्तार गर्न सहयोग गर्ने, कर चुहावट तथा कर छली नियन्त्रण गर्न अनुसन्धान पक्षमा जोड दिई करारोपण गर्ने, र कर कानूनको परिपालना गर्ने एवं उच्च कर सहभागिता गर्ने करदातालाई सम्मानित गर्ने समेत गरिएको छ।

**० अन्त्यमा कर वुलेटिन मार्फत् के भन्नुहुन्छ ?**

- हाम्रो कर प्रणाली स्वयंकर निर्धारण प्रणालीमा आधारित छ । आफ्नो कारोवार र लाग्ने करको वारेमा सवैभन्दा जानकार व्यक्ति भनेको करदाता स्वयं नै हो। तसर्थ पहिलो कर अधिकृतको रुपमा करदाता स्वयं नै भएकाले कर कानूनले दिएको करदाताहरुको अधिकार र कर्तव्यलाई मनन गरी कर कानूनको पूर्ण परिपालना गर्न तथा अधिकतम कर सहभागिता जनाई राष्ट्र विकासको अभियानमा योगदान गर्न सम्पूर्ण व्यवसायीहरुमा अनुरोध गर्न चाहन्छु । साथै, करदातामैत्री कर प्रशासनको धारणालाई आत्मसात गर्दै करदाताको सहयोग र सहजीकरणका लागि कर प्रशासन सदैव तत्पर रहेको समेत जानकारी गराउन चाहन्छु।

अन्तमा, कर वुलेटिन मार्फत यस कार्यालयको समग्र स्थिति र आफ्ना केही भनाईहरु समेत राख्ने मौका दिनुभएकोमा धन्यवाद समेत दिन चाहन्छु।

# करदाता सेवा कार्यालय जुम्लाको नवनिर्मित भवन समुदघाटन सम्पन्न




आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणी शर्माले करदाता सेवा कार्यालय जुम्लाको नवनिर्मित भवनको असार ३ गते एक भव्य समारोहका बीच उद्घाटन गर्नु भएको छ । सो उद्घाटन कायक्रममा जुम्ला जिल्लास्थित विभिन्न राज( नीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, विभिन्न सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधिहरु, उद्योग वाणिज्य संघ जुम्लाका पदाधिकारी एवं जिल्लास्थित उद्यमी व्यवसायीहरुको समेत उपस्थिती रहेको थियो ।

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माको प्रमुख आतिथ्यतामा करदाता सेवा कार्यालय जुम्लाद्धारा आयोजित उक्त समारोहको सभाध्यक्षता आन्तरिक राजस्व कार्यालय नेपालगंजका प्रमुख श्री नारायणप्रसाद सुवेदीले गर्नु भएको थियो भने करदाता सेवा कार्यालय जुम्लाका निमित्त कार्यालय प्रमुख श्री देवीप्रसाद भण्डारीले महानिर्देशक लगायत उपस्थित सवै महानुभावहरुलाई स्वागत गर्नु भएको थियो । भवन समुदघाटन पश्चात, भवन निर्माण गर्ने निर्माण व्यवसायी श्री देवेन्द्र शाही, उद्योग बाणिज्य संघ जुम्लाका उपाध्यक्ष श्री नरबहादुर शाही एवं प्रमुख जिल्ला अधिकारी श्री रुद्रप्रसाद पण्डितबाट कार्यालयको सेवाप्रवाह र नवनिर्मित भवनबाट सेवा प्रवाहमा आउने थप सहजता लगायतका समसामयिक विषयहरुमाआफ्नो धारणा राख्नु भएको थियो ।



महानिर्देशक श्री शर्माले सवै नागरिक करदाता भएको कुरा उल्लेख गर्नु हुँदै देशको सम्वृद्धिका लागि बलियो आधारको रुपमा रहेको राजस्व संकलनमा करदाताहरुको योगदानको बारेमा चर्चा गर्नु भएको थियो । वहाँले जुम्लाका उद्यमी व्यवसायीहरुको अपेक्षा र चाहना बमोजिम करदाता सेवा कार्यालयको स्तर बृद्धि गरी भविष्यमा यस क्षेत्रको कर प्रशासन सम्वन्धी सम्पूर्ण कार्यहरु जुम्लाबाटै सम्पन्न हुने व्यवस्था मिलाउन सक्दो पहल गर्ने समेत बताउनु हुँदै आफ्नो सेवामा थप प्रभावकारिता ल्याउन करदाता सेवा कार्यालय जुम्लालाई निर्देशन समेत दिनु भएको थियो । जुम्ला भ्रमणको क्रममा महानिर्देशक शर्माबाट जुम्ला जिल्ला स्थित ए.पि. स्याउ ब्राण्डी उद्योग र आर. के. डिस्टीलरीको समेत स्थलगत निरीक्षणको कार्य समेत गर्नुभएको थियो ।

## करको दायरालाई जनस्तरसम्म पुऱ्याउने अभियान थाल्छौ : शर्मा

जुम्ला । आन्तरिक राजस्व विभागका महानिर्देशक चुडामणी शर्माले करको दायरालाई जनस्तर सम्म पुऱ्याउने अभियान थालिएको बताउनु भएको छ । उहाँले जनताको करले नै राज्य सञ्चालन र यहाँको विकास निर्माणका क्रियाकलाप अघि वढाउने भएकोले प्रभावकारी रुपमा करसेवालाई अघि वढाउने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । रिर्पोटर्स क्लव नेपाल जुम्लाले आयोजना गरेको साक्षात्कार कार्यक्रममा उहाँले कानूनको अवज्ञा नगर्न करदातालाई आग्रह गर्नुभयो । करदाता सेवा कार्यालय जुम्लाको भवन उद्घाटनका क्रममा सडक मार्ग हुदै जुम्ला पुग्नु भएका महानिर्देशक शर्माले करदाताको व्यवसायिक लागत घटाउने तयारी सरकारले गरिरहेको जानकारी दिनुभयो । स्थानिय स्तरमा संरचना विस्तार गर्न जरुरी छ उहाँले




भन्नुभयो आन्तरिक राजस्व कार्यालय जम्ला स्थापना भईसकेपछि लक्ष अनुरुपको राजस्व संकलन भईरहेको छ । राजस्व चुहावटलाई कम गर्न राज्यका संयन्त्र परिचालन भईरहेको उहाँको भनाइ थियो । करदातालाई कर प्रति सचेत गराउदै आएका छौ भन्नुहुँदै हाम्रो विकास र हाम्रै शासन व्यवस्थाको लागि हो भन्नुहुँदै कर चुहावट रोक्दै बांकी १२ पेजमा..

# परिसंघद्वारा आन्तरिक राजस्व विभाग र भन्सार विभागसँग परिचर्चा



काठमाडौं । नेपाल उद्योग परिसंघको आयोजनामा उद्योग व्यवसायसँग सम्बन्धित कर, भन्सार, राजस्व, वैकिङ लगानी आदि विषयमा देखिएका समस्या र समाधानका सम्बन्धमा आन्तरिक राजस्व विभाग र भन्सार विभागसँग असार २१ गते अन्तर्क्रिया सम्पन्न गरेको छ । परिसंघले 'परिसंघमा परिचर्चा' कार्यक्रमको दोश्रो श्रृंखलाका रुपमा सो छलफल गरेको हो । आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा तथा भन्सार विभागका महानिर्देशक श्री शिशिरकुमार ढुंगानाको उपस्थितिमा भएको कार्यक्रममा वजेटपछि कर राजस्व एवं भन्सारमा उद्योगी व्यवसायीहरुलाई परेको समस्या र समाध(ानका विषयमा चर्चा भएको थियो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले महाभूकम्प र त्यसपछि नेपालको सीमानामा देखिएको असहज परिस्थिको कारण व्यवसायीले कर तिर्न बाँकी भए, भ्रममा नपरी असार मसान्तभित्र दाखिला गर्न करदाता र व्यवसायीलाई अनुरोध गर्नुभयो । आर्थिक ऐनमा भएको कुनै सुविधा व्यवसायीले उपभोग गर्नु पर्ने भए त्यसको उपयोग गर्नुहोस् भन्नुहुँदै महानिर्देशक श्री शर्माले ज्ञान सिप लिएर मात्र व्यवसायको शुरुवात गर्न आग्रह गर्नुभयो । प्लाष्टिक व्यवसायीहरुको अन्तःशुल्क सम्बन्धी जिज्ञासामा महानिर्देशक शर्माले भन्सार र राजस्वको विकल्पको रुपमा क्रमशः अन्तःशुल्क आउने बताउनुभयो । व्यवसायीहरु राज्य विकासको साझेदार रहेको बताउनुहुँदै, व्यवसाय शुरुवात गर्नु अघि विधि, प्रकृया थाहा हुने, कहाँबाट सामान ल्याउन हुन्छ, सवै जानकारी हुने तर कर तिर्ने समय आएपछि मलाई थाहा छैन भन्ने प्रवृत्ति रहेको बताउनु भयो । मुलुकमा के गर्न हुन्छ, कहाँ गर्न हुन्छ भन्ने ज्ञान व्यवसायीमा हुनुपर्ने बताउनुहुँदै व्यवसायीको व्यवहारमा परिवर्तन भएको छ, स्रोत साधन बढेको छ, विल्डिङ बढेको छ, जीवनशैली बदलिएको छ, यता व्यवसायमा कर तिर्ने बेलामा घाटा देखाउने ? भन्नुहुँदै सरकारको पोलिसी अनुसार आफूलाई चलाउन निर्देशन दिनुभयो । कहाँ कमजोरी छ, त्यसलाई चिनौं, सुधार गरौं भन्नुहुँदै कर प्रशासन र व्यवसायी एउटै सिक्का भित्रका उपप्रणाली भएको बताउनुभयो । महानिर्देशक शर्माले छिमेकी मुलुक भुटानमा जलविद्युतमा भएको विकासको उदाहरण दिनुहुँदै मुलुकभित्रको स्रोत परिचालन गर्न सके, हाइड्रोको विकास गर्न सके कर कम हुँदै जाने बताउनुभयो । महानिर्देशक शर्माले परिसंघले कर प्रशासन र व्यवसायीबीच अन्तर्क्रिया गराएर असाध्य राम्रो कामको शुरुवात गरेको बताउनुभयो ।

भन्सार विभागका महानिर्देशक श्री शिशिरकुमार ढुंगानाले वैदेशिक व्यापारलाई व्यवस्थित गर्न हाल देखिएको 'एचएस' कोडका समस्याहरुलाई सरलीकृत गर्दै लगिने, आवश्यकता अनुसार विराटनगर र भैरहवाको भन्सार कार्यालयको पूर्वाधार सुदृढीकरण गर्ने र उद्योगीहरुका कार्यान्वयनगत तहका समस्याहरुलाई क्रमशः सम्बोधन गर्ने आश्वासन दिनुभयो । गत वर्षको भूकम्पपछि धेरै चुनौतिहरुको सामना गर्नुपरेको बताउनुहुँदै उठ्न लागेको अर्थतन्त्रलाई फेरि भण्डै ७ महिना भारतले लगाएको अघोषित नाकावन्दीले थप असहज बनाएको बताउनुभयो ।

नेपाल उद्योग परिसंघका अध्यक्ष श्री हरिभक्त शर्माले भूकम्पको प्रभाव, नेपाल भारतबीचमा भएको असहज परिस्थितिले उद्योगधन्दा धराशायी भएको बताउनुभयो । नेपालमा सधै पेट्रोलियम पदार्थको अभाव हुने बताउनुहुँदै वीरगन्जको हालत अझै अप्ठेरोमा रहेको र भन्सारमा असहजता अझै जारी रहेको बताउनुभयो । उद्योगी व्यवसायीहरुको माग छिटो सम्बोधन गरिदिन अनुरोध गर्नुहुँदै सरकार र व्यवसायी एउटै सिक्काको दुई पाटा भएकाले उद्योग धन्दाको प्रवर्द्धन गर्न सक्ने, सुविधा दिन सक्ने उद्योगधन्दालाई सहयोग गरिदिनु हुनेछ भन्ने अपेक्षा राख्नुभयो ।

उपस्थित व्यवसायीहरुले दालमा न्यून विजकीकरण भइरहेको, उर्जाको अभावमा अत्याधिक मात्रामा इन्धन किन्नु परेको, स्टिल र सिमेन्ट क्रिटिकल वस्तु भएकाले करमा छुट हुनुपर्ने र स्थानीय उद्योग धन्दालाई प्रवर्द्धन गर्न पनि अनुरोध गरेका थिए । कार्यक्रममा नेपाल उद्योग परिसंघका पदाधिकारीहरु, परिसंघका गभर्निङ काउन्सिल राष्ट्रिय परिषद् तथा अन्य सदस्य र वरिष्ठ उद्योगी व्यवसायीहरुको उपस्थिति रहेको थियो ।

# बजेटमा के के समेटिए करका विषय

## राजस्व नीतिका उद्देश्य

- लगानी मैत्री करनीतिको माध्यमबाट आर्थिक समृद्धिको जग बसाल्ने ।
- आर्थिक क्रियाकलाप मैत्री कर प्रणालीको कार्यान्वयनबाट अर्थतन्त्रलाई गतिशील बनाउने ।
- भूकम्प र आपूर्ति असहजताबाट क्षति भएका व्यवसायलाई पुनर्जीवन दिन वित्तीय उत्प्रेरणाको नीति लिने ।
- राष्ट्रिय उत्पादन वृद्धि गरी परनिर्भता घटाउँदै निर्यात प्रवर्द्धन गर्ने ।
- व्यापार सहजीकरण, संस्थागत क्षमता अभिवृद्धि र प्रक्रियागत सुधार गरी स्वेच्छिक कर परिपालनामा वृद्धि गर्ने ।
- संघीय वित्त सबलीकरणको लागि कराधारको संरक्षण र आर्थिक पारदर्शितामा जोड दिने ।
- राजस्व परिचालनमा गैरकर राजस्वको योगदान बढाउने ।

## आर्थिक समृद्धिका लागि कर प्रणालीमा सुधार

- कर कानून र प्रक्रियालाई सरलीकरण एवं सामयिक बनाउन एकीकृत कर संहिता विधेयक व्यवस्थापिका-संसद्मा प्रस्तुत गरिनेछ ।
- संघीयता कार्यन्वयनका लागि संघ, प्रदेश र स्थानीय तहको संघीय वित्त व्यवस्थापन विधेयक र प्रदेश तथा स्थानीय तहको नमूना कर कानूनको ढाँचा व्यवस्थापिका-संसदमा प्रस्तुत गरिनेछ ।
- कर सहभागिताको स्तर, लेखापालन र विगतका कर परीक्षण अभिलेखका आधारमा कर परिपालनाको स्तर निर्धारण गरी करदातालाई उत्तम, सामान्य र जोखिमपूर्ण वर्गमा वर्गीकरण गरिनेछ ।
- विद्युतीय व्यापारलाई करको दायरामा ल्याउन क्षमता अभिवृद्धि, विद्युतीय प्रणालीको नवीनतम प्रविधिको प्रयोग र अनुसन्धान तथा विकासमा जोड दिइनेछ ।
- आयआर्जन र व्यवसाय गर्ने सबैलाई स्थायी लेखा नम्बर प्रदान गरी थप ३ लाख नयाँ करदातालाई करको दायरामा ल्याइनेछ ।
- वार्षिक रु. ४० लाख भन्दा बढी आय भएकालाई आय बिवरण लिई सूचना बैंक बनाउने व्यवस्थालाई उच्च प्राथमिकता साथ कार्यान्वयनमा लगिनेछ ।
- वार्षिक रु. १ करोड सम्मको कारोबार गर्ने साना तथा मझौला करदाताले लेखापरीक्षण गर्न नपर्ने व्यवस्था गरिएको छ । साथै यस्ता करदाताले आफ्न्नो आय विवरण आफैं प्रमाणित गर्न सक्ने व्यवस्था मिलाइएको छ ।
- सेवा कारोबार तथा वस्तु र सेवा मिश्रित कारोबारको मूल्य अभिवृद्धि कर लाग्ने सीमालाई रु. १० लाखबाट बढाई रु. २० लाख कायम गरिएको छ । यसबाट करदाताहरूको स्वेच्छिक कर सहभागितामा सुधार हुने अपेक्षा गरिएको छ ।
- औद्योगिक प्रतिष्ठानको प्रदर्शनी कक्ष, विक्री कक्ष, पसल, होटल र रेस्टुरेन्ट तथा बार लगायतका वस्तु तथा सेवाको विक्री गर्ने स्थानमा प्रदर्शन गरिने मूल्यमा मूल्य अभिवृद्धि कर सहितको मूल्य अकिंत गर्नु पर्ने अनिवार्य व्यवस्था मिलाइएको छ ।
- व्यापार सहजीकरणका लागि कानून एवं प्रणाली सुधारबाट भन्सार प्रक्रिया सरलीकरण, सामान्जस्यीकरण र आधुनिकीकरण गर्ने व्यवस्था मिलाइएको छ ।
- सामाजिक सुरक्षा र राजस्वको संरक्षण गर्ने गरी जोखिम परिसूचकको आधारमा भन्सार जाँचपासलाई थप प्रभावकारी बनाइनेछ । यसका साथै भन्सार जाँचपास पछिको परीक्षण प्रणालीलाई सुदृढ बनाइनेछ ।
- निकासी पैठारी व्यापारलाई व्यवस्थित गर्न आयात र निर्यात संकेत नम्बरको शुरुवात गरिनेछ ।
- सवारी साधनहरूको भन्सार जाँचपास गर्दा उत्पादक, उत्पादकको आधिकारिक विक्रेता र आधिकारिक खरिदकर्ता बीचको त्रिपक्षीय संझौतालाई भन्सार मूल्याङ्कनको आधार बनाइनेछ ।
- मदिरा, वियर, वाईन, चुरोट लगायतका सूर्तीजन्य तथा मदिराजन्य वस्तुमा लगाउदै आएको अन्तःशुल्क स्टिकरलाई प्रविधिमा आधारित अनुगमन र परीक्षण गर्न सक्ने प्रणालीको कार्यान्वयन गरी राजस्व चुहावट नियन्त्रण गरिनेछ ।
- राजस्व संरक्षणका लागि हाल वियरको कार्टुनमा लगाइएको अन्तःशुल्क स्टिकर प्रत्येक वोतलमा लगाउने व्यवस्था मिलाइनेछ ।
- गैरकर संकलन गर्ने निकायहरूलाई कानूनबाटै जिम्मेवार र उत्तरदायी बनाउने गरी कानूनी तथा संरचनात्मक सुधार गरिनेछ ।

## करको दायरा विस्तार

- लामो समय देखि बृद्धि नभएको आयकर छुटको सीमा प्राकृतिक व्यक्तिको लागि रु. २ लाख पचास हजारबाट ३ लाख ५० हजार र दम्पत्तिको लागि रु. ३ लाखबाट चार लाख हुने गरी वृद्धि गरिएको छ ।
- साना तथा मझौला करदाताहरूलाई करको भार कम गरी स्वेच्छिक कर सहभागिता वृद्धि गर्न कारोबारमा लाग्ने आयकरको दरलाई पुनरावलोकन गरी घटाइएको छ ।
- अर्थतन्त्रको लागत नबढ्ने गरी मदिरा, वियर र चुरोट लगायतका वस्तुहरूको आन्तरिक उत्पादन तथा आयातमा लाग्ने अन्तःशुल्क तथा भन्सार महसुलमा वृद्धि गरिएको छ ।
- करको दायरा विस्तार र कारोबारको विल लिने दिने बानिमा सुधार गर्न योग्यता परीक्षणको आधारमा छनौट भएका विश्वविद्यालयका एक हजार इन्टर्नहरूलाई परिचालन गरिनेछ ।
- आर्थिक क्रियाकलाप विस्तार भएका क्षेत्रमा मोवाइल करदाता शिक्षा कार्यक्रम सञ्चालन र ठूला करदाताको हेरचाह र रेखदेखका लागि विशेष कक्षको स्थापना गर्ने व्यवस्था मिलाइएको छ ।

# आर्थिक विधेयक, २०७३ मा का मुख्य मुख्य व्यवस्थाहरु

**(क) छुट तथा सुविधा :**

आर्थिक विधेयक २०७३ ले देहाय बमोजिमका छुट सुविधाको व्यवस्था गरेको छ :

१. असहज परिस्थितीका कारण आयवर्ष २०७१।७२ को आयविवरण र कर, २०७२/०७३ को अनुमानित आय विवरण साउन देखि फागुण सम्मवुझाउनु पर्ने आयकरको अनुमानित विवरण र पहिलो किस्ताको कर, २०७२ साउन देखि फाल्गुण महिनासम्मको अग्रिम कर कट्टीको विवरण र कर, मू.अ.कर विवरण र कर, अन्तःशुल्क विवरण र अन्तशुल्क, स्वास्थ्य सेवा कर, शिक्षा सेवा शुल्क र चलिचत्र विकास शुललकको विवरण तथा शुल्क २०७३ असोज मसान्तभित्र दाखिला गरेमा ब्याज, थपदस्तुर, शुल्क तथा विलम्ब दस्तुर मिन्हा गरिएको।

२. असहज परिस्थितीका कारण भन्सार बिन्दुमालागेको २०७२ भाद्र १ गते देखि २०७२ फाल्गुण मसान्तसम्मको डिटेन्सन, डेमरेज र पार्किङ्ग शुल्क प्रमाणका आधारमाआयकरमाखर्च कट्टी गर्न पाउने व्यवस्थागरिएको ।

३. आर्थिक वर्ष २०७१।०७२ मा गठित नगरपालिकामा संचालित बचत तथा ऋण सहकारीलाई उक्त आय वर्षमा लागेको आयकर छुट गरिएकोछ । साथै त्यस्ता सहकारीले उक्त वर्षमा तिरेको आयकर आयवर्ष २०७२।०७३ मा मिलान गर्न दिइएको ।

**(ख) आयकर तर्फ भएका महत्वपूर्ण संशोधनहरु**

१. गुट्का, पानमसला उद्येगलाई विशेष उद्योग नमान्ने र कृषि तथा वनजन्य र खनिज उद्योगलाई विशेष उद्योगको परिभाषामा समेटिएको । (ऐनको दफा ११ को स्पष्टिकरण खण्ड)

२. विडी, सिगार, खानेसुर्ति, खैनी, गुट्खा, पानमसला जस्ता उद्योगहरुको लगानीको स्रोत खोज्न सकिने व्यवस्था गरिएको । (ऐनको दफा ११ख. )

३. धितोपत्र बजारमा सूचिकृत भएका उत्पादनमुलक, पर्यटन सेवा, जलविद्युत उत्पादन, वितरण तथा ट्रान्समिसन गर्ने र दफा ११ को उपदफा (३ग) मा उल्लेख भएका निकायहरुलाई लाग्ने करमा पन्ध्र प्रतिशतले छुट हुनेछ। (ऐनको दफा ११को उपदफा (३छ)

४. मर्जरमा जाने बैंक तथा वीमा कम्पनीलाई आशयपत्र दिने अवधी २०७५ असारसम्म र गाभिने प्रकृया पुरा हुनु पर्ने अवधीलाई २०७६ असारसम्म वढाइएको । (ऐनको दफा ४७क.)

५. वासिन्दा व्यक्तिले भूउपग्रह, ब्याण्डविथ, अप्टिकरल फाईबर, दूरसंचार सम्बन्धी उपकरण वा बिद्युत प्रशारण लाइन प्रयोग गरे वापतको भुक्तानीमा १० प्रतिशतका दरले अग्रिमकर कट्टी गर्ने व्यवस्था गरिएको। (ऐनको दफा ८८ को उपदफा १को स्पष्टिकरणको खण्ड ६ )

६. साझेदारी फर्मले वितरण गरेको लाभांश पनि अन्तिम कर कट्टी हुने भुक्तानी हुने व्यवस्था गरिएको (ऐनको दफा ९२ (१))

७. नेपाल धितोपत्र बोर्डमा सूचिकृत नभएको निकायको हितको निसर्ग भई शेयर अभिलेखीकरण गर्दा कर दाखिला भएको प्रमाण पेश गर्नुपर्ने व्यवस्था गरिएको (ऐनको दफा ९५क.)

८. वासिन्दा प्राकृतिक व्यक्ति वाहेक अन्य व्यक्ति वा निकायको जग्गा वा भवन विक्री गर्दा भएको लाभमा समेत अग्रिम कर असुल उपर गर्ने व्यवस्था गरिएको। (ऐनको दफा ९५क)

९. प्रशासकीय पुनरावलोकनको निवेदन दिंदा नै एक तिहाई रकम बुझाई निवेदन दिनुपर्ने व्यबस्था गरिएको। ( ऐनको दफा ११५ को उपदफा ६)

१०. कर छलीलाई मद्दत गर्ने, दुरुत्साहन गर्ने वा झुट्टा वित्तीय वा कर लेखा प्रमाणित गर्ने वा गलत परामर्श दिने" व्यक्तिलाई मतियारको रुपमा कारवाही गर्न सकिने व्यबस्था गरिएको। (ऐनको दफा १२७ )

११. साविकमा नेपाल सरकारले विशेषज्ञ सेवा लिन सक्ने व्यवस्था रहेकोमा विभागले समेत विशेषज्ञको सेवा लिन सक्ने व्यवस्था गरिएको। (ऐनको दफा १३२)

१२. प्राकृतिक व्यक्ति र दम्पत्तिलाई कर छुटको सीमा एक लाख रुपैयाले बृद्धि गरी क्रमशः तीन लाख पचास हजार रुपैया र चार लाख रुपैया कायम गरिएको । (ऐनको अनुसूची १ को दफा १को उपदफा (१), (२), (३) र (४) )

१३. कारोवारमा आधारित कर (Turnover Tax) को दर घटाइएको (ऐनको अनुसूची १को दफा १ को उपदफा १७ को खण्ड (क) र (ख))

(क) ग्याँस, चुरोट लगायतका तीन प्रतिशतसम्म कमिशन कारोवारमा - ०.२५ प्रतिशत

(ख) खण्ड (क) मा उल्लिखित व्यवसाय वाहेकको व्यवसाय गर्ने व्यक्तिको कारोबार रकमको - ०.७५ प्रतिशत

**(ग) मूल्य अभिबृद्धि कर तर्फ भएका महत्वपूर्ण संशोधनहरु**

१. संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) र सो उपक्रमका साझेदारहरु दर्ता रहेका कार्यालयमध्ये कुनै एक कार्यालयमा दर्ता हुनु पर्ने र ज्वाइन्ट भेन्चरका साझेदारहरु ज्वाइन्ट भेन्चरको कर दायित्व भुक्तान गर्ने प्रयोजनका लागि संयुक्त वा छुट्टा छुट्टै रुपमा जिम्मेवार हुने व्यवस्था गरिएको । (दफा १०ख. )

२. कर अधिकृतले तोकिएको अवस्था रहेका करदाताको दर्ता खारेजी अनिवार्य रुपमा गर्नु पर्ने व्यवस्था गरिएको । बिगत बाह्र महिनामा बस्तुको हकमा पचास लाख रुपैयाँ र वस्तु तथा सेवा मिश्रित कारोवारको र सेवाको हकमा बीस लाख रुपैयाँ करयोग्य कारोवार नपुगेको करदाताको दर्ता खारेजी गर्नुपर्ने व्यवस्था गरिएको। (दफा ११)

३. करको भुक्तानी विद्युतीय माध्यमवाट समेत गर्न सक्ने व्यवस्था गरिएको । (दफा १९ (७))

४. अनुसूची १ बमोजिम जुन जुन वस्तुलाई कर फिर्ता दिइएकोछ ती बस्तु पुनःनिर्यात गरेमा त्यस्ता बस्तुको खरिदमा तिरेको कर फिर्ता नहुने व्यवस्था गरिएको। ( दफा २५घ. थप )

५. कर छुटको सूचीमा देहायका वस्तु तथा सेवा थप गरिएको : (अनुसूची १)

**(क) समुह ५ मा पर्ने वस्तुहरु:**

➢ नेपाल सरकारवाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थाले पैठारी गर्ने मृगौला उपचारमा प्रयोग हुने उपशिर्षक ९०१८.९०.०० मा पर्ने हेमोडाइलाइसिस मेशिन, डायालाईसिस रिप्रोसेसर र यसको ट्यूवीङ्ग, उपशिर्षक ९४०२.९०.०० मा

पर्ने डायालाईसिस बेड तथा कुर्सी; मुटुको रोग निदान तथा उपचारमा प्रयोग हुने उपशिर्षक ९०१८.१२.०० मा पर्ने इकोकार्डियोग्राफ; उपशिर्षक ९०१८.९०.०० मा पर्ने भिडीयोस्कोप, क्याथल्याव, हर्टलङ्ग मेशिन र डिफ्रिब्रिलेटर; क्यान्सर रोगको निदान तथा उपचारमा प्रयोग हुने उपशिर्षक ९०२२.१२.०० मा पर्ने पोजिट्रोन इमिसन टोमोग्राफि (पेट) स्क्यान मेशिन, कम्प्यूटेड टोमोग्राफी (सी.टी.) स्क्यान मेशिन, मेमोग्राफी; उपशिर्षक ९०२२.२१.०० मा पर्ने ब्रेसीथेरापी र लिनियर एक्सिलरेटर; रोग निदानमा प्रयोग हुने उपशिर्षक ९०१८.१९.०० मा पर्ने फ्लोसाईटोमिटर, नेक्स्ट जेनेरेशन सिक्वेन्सर, प्रोटिन माइक्रोयरी प्लेटफर्म र मल्टीप्लेक्स रियल टाईम पि.सि.आर, हेमाटोलोजी एनालाइजर, ब्लड केमेष्ट्री एनालाइजर, क्लिनिकल केमेष्ट्री एनालाइजर र इम्युनोकेमेष्ट्री एनालाइजर; उपशिर्षक ९०१८.१३.०० मा पर्ने म्याग्नेटीक रिजोनेन्स इमेजिङ्ग (एम.आर.आई) मेशिन ।

- नेपालमा विद्युतीय रिक्सा उत्पादन गर्ने उद्देश्यले दर्ता भएका उद्योगले आफ्नो उत्पादन प्रयोजनका लागि पैठारी गर्ने विद्युतीय रिक्सामा प्रयोग हुने शीर्षक ८७.१४ अन्तर्गतका पार्टपूर्जा र सहायक सामग्री ।

**(ख) समुह ११ (अ) मालवस्तुहरू**

- ८४१३.७०.९० - ब्याट्रीवाट चल्ने पानी तान्ने पम्प (डि.सी.पम्प) -अन्य पम्पहरु; तरल उत्थापक (तान्ने) हरु

**(ग) समुह ११ (आ) अन्य वस्तु तथा सेवाहरु**

- फलफूल खेती बीमा, पंक्षीबीमा, मत्स्यपालन बीमा र मौरीपालन बीमा (समुह ११ को (आ) को सि.नं.३)
- बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सिफारीसमा सौर्य टुकीमा प्रयोग हुने १२ भोल्ट र १० एम्पियर भन्दा कम क्षमताका लिथियम आयन ब्याट्री (समुह ११ को (आ) को सि.नं.६)
- घ्यू तेल उद्योगलाई दिंदै आएको कर फिर्तालाई चालिस प्रतिशतमा झारिएको । यस्तो प्रशोधित घ्यू वा तेल अन्य उद्योगलाई वा ठूलो परिमाण (Bullk) मा अन्य व्यक्तिलाई विक्री गरेकोमा यस्तो सुविधा प्रदान गरिने छैन । साथै प्रशोधित तेल पैठारी गरी ठूलो परिमाण (Bullk) मा अन्य उद्योगलाई विक्री गर्ने उद्योग र उपभोक्ता प्याकेजमा प्याकिङ्ग (Refilling) गरी बिक्री वितरण गर्ने प्याकेजिङ्ग उद्योगहरुले समेत यस्तो सुविधा पाउने छैनन् । (समुह ११ को (आ) को सि.नं.१४)
- चिया उद्योगले अक्सन हाउसलाई बिक्री गर्दा समेत पचास प्रतिशत मूल्य अभिवृद्धि कर फिर्ता पाउने । (समुह ११ को (आ) को सि.नं.१६)
- स्वदेशी कपडा उद्योगले सरकारी निकायलाई बिक्री गर्दा समेत कर फिर्ता दिइनेछ । । (समुह ११(आ) अन्य वस्तु तथा सेवाको सि.नं.१८)
- सेलुलर मोवाइल फोनसेट उत्पादन गर्ने स्वदेशी उद्योग तथा पैठारीकर्ताले चालीस प्रतिशत मात्र कर फिर्ता पाउने । (समुह ११(आ) को सि.नं. १९)
- विदेशी नियोग तथा दातृ संस्था र कुनै आयोजनाले महसुल सुविधामा पैठारी गरेको सवारी साधन सरकारी नम्बर प्लेटमा परिवर्तन गर्दा मू.अ.कर नलाग्ने अवधि दश वर्ष कायम गरिएको । (समुह ११(आ) अन्य वस्तु तथा सेवाको सि.नं.२२)
- ब्याट्रीको पुनः प्रशोधन गर्ने उद्योगले सो प्रयोजनको लागि खरिद गर्ने मेशिन । (समुह ११(आ) अन्य वस्तु तथा सेवाको सि.नं.२७)
- प्लाष्टिकको झोला उत्पादन गर्ने उद्योगले प्लाष्टिकको झोला प्रतिस्थापन गरी कपडा, जुट वा कागजका वातावरण मैत्री झोला उत्पादन गरेमा त्यस्तो उत्पादनको लागि चाहिने मेशिन । (समुह ११(आ) अन्य वस्तु तथा सेवाको सि.नं.२८)

**६. कर छुटको सूचीबाट देहायका वस्तु तथा सेवा हटाईएको : (अनुसूची १)**

- चेकफर्महरु (समुह ११ अन्य वस्तु तथा सेवा (अ) मालवस्तुहरु संकेत नम्बर ४९०७.००.००
- ट्युबुलर ब्याट्री (समुह ११ अन्य वस्तु तथा सेवा (आ) अन्य वस्तु तथा सेवाहरु सि.नं. ५ संकेत नम्बर ८५०७.२०

७. अनुसूची २ शुन्य दरको सुविधा पाउने वस्तुको सूचीमा थप गरिएको

खण्ड ६ : जनसंख्या तथा वातावरण मन्त्रालयको सिफारिशमा सफा टेम्पोमा प्रयोग हुने डिप साइकल लिड एसिड व्याट्रीहरु (उपशीर्षक ८५०७.२०.००) ।

८. वस्तु तथा सेवा मिश्रित कारोवार र सेवा व्यवसायको हकमा बीस लाख रुपैयासम्मको कारोवार गर्ने व्यक्तिले आफ्नो कारोवार दर्ता गराउनु नपर्ने व्यवस्था गरिएको ।

९. दर्ता भएको व्यक्तिले प्रदर्शन गर्ने मूल्य (ट्याग प्राइस, मेनु प्राइस र सेल्फप्राइस) मा मूल्य अभिबृद्धि कर सहितको मूल्य उल्लेख गर्नु पर्ने व्यवस्था गरिएको ।

१०. ईटा उद्योग, छापा, छापा तथा विद्युतीय प्रकाशन एवं प्रसारण गृहले समेत चौमासिक रुपमा कर विवरण पेश गर्न सक्ने व्यवस्था गरिएको ।

**(घ) अन्तःशुल्क तर्फ भएका महत्वपूर्ण सम्शोधनहरू**

१. सम्वत् २०७२ साल असार २८ गते भित्र अन्तःशुल्क फिर्ताको लागि उद्योग विभागमा निवेदन दिएका करदातालाई अन्तःशुल्क फिर्ता दिने व्यवस्था र त्यसको प्रतिबन्धात्मक वाक्यांश हटाइएको । (ऐनको दफा ३ (ख) को उपदफा ९)

२. उत्पादक र पैठारीकर्ताले हरेक बर्षको श्रावण महिना र अन्यले एक बर्ष भित्रमा आफ्नो अन्तशुल्क इजाजतपत्र नविकरण गराउनु पर्ने अन्यथा इजाजतपत्र खारेज हुने व्यवस्था गरिएको । (ऐनको दफा ९ को उपदफा (६))

३. इजाजतपत्र स्थगनको जानकारी करदाताले कारोवार गर्न छाडेको पन्ध्र दिन भित्र दिनुपर्ने । । (ऐनको दफा ९क. को उपदफा (१))

४. अन्तशुल्क अधिकृतले पन्ध्र दिन भित्र दिनुपर्ने व्यवस्था गरिएको । (ऐनको दफा ९क. को उपदफा (२))

५. इजाजतपत्र वालाले उपदफा (२) बमोजिम स्थगन भएको इजाजतपत्रवाट बस्तु वा सेवाको कारोवार शुरु गर्न चाहेमा अन्तःशुल्क अधिकृत समक्ष निवेदन दिनु पर्नेछ र त्यस्तो निवेदन प्राप्त भएपछि अन्तःशुल्क अधिकृतले कारोवार शुरु गर्न इजाजत दिनु पर्नेछ । (ऐनको दफा ९क. को उपदफा (५))

६. इजाजतपत्र नविकरण नगराएमा अन्तःशुल्क अधिकृतले इजाजतपत्र रद्द गर्न सक्ने व्यवस्था गरिएको । (ऐनको दफा १० खण्ड (ङ))

**७ .अन्तशुल्क दरबन्दीमा गरेका मुख्य मुख्य संशोधनहरू**

## आर्थिक ऐन २०७२ तथा आर्थिक ऐन २०७३ मा भौतिक नियन्त्रण अन्तरगतका वस्तुहरुको अन्तशुल्क दरबन्दी व्यवस्था तुलनात्मक तालिका

| उपशीर्षक | वस्तु वा सेवाको विवरण | इकाइ | अन्त:शुल्क दर ०७२।७३ | अन्त:शुल्क दर ०७३।७४ | बृद्धि दर प्रतिशत |
|---|---|---|---|---|---|
| | वियर | | | | |
| २२०३.००.०० | जौबाट बनेको वियर | | ९८ | १०६ | ८।२ |
| | वाइन | | | | |
| २२०४.२९.४० | स्वदेशमा निर्मित वाईन (चुत्रो, स्याउ र ऐसेलुबाट, निर्मित १२ प्रतिशतसम्म अल्कोहलको मात्रा भएको) | प्रति लिटर | ६६ | ७४ | १२।१ |
| | छयाङ्ग (कन्ट्री वियर) | | | | |
| २२०६.००.१० | छयाङ्ग (कन्ट्री वियर) | प्रति लिटर | २० | २२ | १०।० |
| | अन्य | | | | |
| २२०२.९०.०० | चिनी हालेको वा गुलियो गरेको र वास्ना आउने सुरुचिकर पानी, प्राकृतिक र कृत्रिम खनिज पानी र वायु प्रवाहित पानी (एरिटेड) समेत र शीर्षक २०.०९ को फलफूल र वनस्पतिको रस समावेश नभएको अल्कोहल रहित पेय पदार्थ । | प्रति लिटर | ६।५ | ७ | ७।७ |
| | साइडर | | | | |
| २२०६.००.३० | स्वदेशमा उत्पादित साइडर | | १०० | १०८ | ८।० |
| | मदिराहरु | | | | |
| विभिन्न | १५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर | ७९३ | ९१२ | १५।० |
| | | प्रति एल.पि. लिटर | ९३३ | १०७३ | १५।० |
| विभिन्न | २५ यु.पि. शक्तिका (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर | ५९१ | ६८० | १५।१ |
| | | प्रति एल.पि. लिटर | ७८८ | ९०६ | १५।० |
| विभिन्न | ३० यु.पि. शक्तिका (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर | ५५१ | ६३४ | १५।१ |
| | | प्रति एल.पि. लिटर | ७८८ | ९०६ | १५।० |
| विभिन्न | ४०यु.पि. शक्तिको (३४.२३ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर | २७९ | ३२१ | १५।१ |
| | | प्रति एल.पि. लिटर | ४६५ | ५३५ | १५।१ |
| विभिन्न | ५० यु.पि. शक्तिको (२८.५३ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर | ११५ | १३२ | १४।८ |
| | | प्रति एल.पि. लिटर | २३० | २६५ | १५।२ |
| विभिन्न | ७० यु.पि. शक्तिको(१७.१२ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर | २४ | २६ | ८।३ |
| | | प्रति एल.पि. लिटर | ८० | ८८ | १०।० |
| | चुरोटहरु | | | | |
| २४०२.२०.१० | फिल्टर नभएको | प्रति एम | ३२० | ३४६ | ८।१ |
| | फिल्टर भएको | प्रति एम | | | |
| २४०२.२०.२१ | ७० मि.मि. सम्मको लम्बाईमा | प्रति एम | ७२३ | ७९५ | १०।० |
| २४०२.२०.२२ | ७० भन्दा बढी ७५ मि.मि. सम्मको लम्बाईमा (फिल्टर भएको) | प्रति एम | ९३१ | १०२४ | १०।० |
| २४०२.२०.२३ | ७५ भन्दा बढी ८५ मि.मि. सम्मको लम्बाईमा (फिल्टर भएको) | प्रति एम | ११९३ | १३३६ | १२।० |
| २४०२.२०.२४ | ८५ मि.मि. भन्दा बढी लम्बाईमा (फिल्टर भएको) | प्रति एम | १६२४ | १८६८ | १५।० |
| | विडी र अन्य | | | | |
| २४०२.९०.१० | तयारी विडी | प्रति एम | ७५ | ८४ | १२।० |
| २४०३.९१.०० | समरुपी (होमोजिनाइज्ड) वा पुनर्निर्मित (रिकन्स्टिचूएटेड) सुर्ती | प्रति कि.ग्रा. | २०५ | २३० | १२।२ |
| | जर्दा, खैनी, गुट्खा आदि | | | | |
| २४०३.९९.१० | जर्दा, खैनी, नस (स्नफ) र गुट्खा र निकोटीनयुक्त पान मसलाहरु तथा यस्तै सूर्ती मिश्रित तयारी वस्तुहरु | प्रति कि.ग्रा. | ३७५ | ४२० | १२।० |
| २४०३.९९.२० | चूना मिलाई खाने खुद्रा विक्रीको लागि प्याकिङ्ग गरिएको सुर्ती | प्रति कि.ग्रा. | २०५ | २३० | १२।२ |
| २४०३.९९.३० | खुद्रा विक्रीको लागि नराखिएको काटिएको सुर्ती (कट् टोबाको); धुलो सुर्ती (डस्ट टोबाको) | प्रति कि.ग्रा. | २०५ | २३० | १२।२ |
| | अन्य | | | | |
| २१०६.९०.२० | सुर्तीरहित पान मसला | प्रति कि.ग्रा. | ३७५ | ४२० | १२।० |
| २१०६.९०.७० | सूर्ति रहित सुगन्धित सुपारी | प्रति कि.ग्रा. | १३८ | १५५ | १२।३ |
| | टेलीभीजन | | | | |
| ८५२८.७२.१० | अनएसेम्बल्ड अवस्थाका | मोल प्रतिशत | ५ | १० | १००।० |
| ८५२८.७२.९० | अन्य (तयारी टेलीभिजन) | मोल प्रतिशत | ५ | १० | १००।० |
| ८५२९.९०.१० | टेलिभिजन रिसिभरका | मोल प्रतिशत | १५ | १० | (३३।३) |

## (ङ) स्वास्थ्य सेवा करमा भएको महत्वपूर्ण संशोधन

➢ आर्थिक ऐन २०७२ को दफा ७ को उपदफा (१९) मा एक पटक मूल्य अभिबृद्धि करमा दर्ता भएपछि पांच वर्ष पछि स्वास्थ्य सेवा कर असुल गर्ने गरी छनौट गर्न पाउने व्यबस्था रहेकोमा सो व्यवस्था हटाई एक पटक मूल्य अभिबृद्धि करमा दर्ता भएपछि स्वास्थ्य सेवा शुल्क असुल गर्ने गरी छनौट गर्न नपाउने व्यबस्था गरिएको ।

# कर प्रशिक्षकलाई प्रमाणपत्र वितरण



काठमाडौं । करदाताहरुलाई सरलतापूर्वक कर सम्बन्धी शिक्षा प्रदान गरी कर कानूनले निर्दिष्ट गरेका व्यवस्थाहरु परिपालना तथा कर सहभागिता अभिवृद्धिका लागि आन्तरिक राजस्व विभाग र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजना तथा giz प्रोजेक्टको सहयोगमा पहिलो चरणमा दाङ, रुपन्देही, कैलाली, बाँके र काभ्रे गरी ५ वटा जिल्लाहरुमा प्रशिक्षक प्रशिक्षण संचालन भएकोमा उक्त प्रशिक्षण कार्यक्रममा सहभागी भई प्रशिक्षकका रुपमा छनौट हुनुभएका १० जना प्रशिक्षकहरुलाई महानिर्देशक श्री चुडामणि शर्माले असार ९ गते प्रमाणपत्र वितरण गर्नु भएको छ ।

कार्यक्रममा महानिर्देशक शर्माले कर प्रशासन र व्यवसायीबीच आफूलाई अपडेट राख्न निर्देशन दिनु भएको थियो । उहाँले दण्डहिनता बढेको बताउनुहुँदै समयमा कर नतिर्ने, दर्ता नहुने, नक्कली विल विजकको प्रयोग गर्ने कार्यलाई निरुत्साहित गर्ने कार्यमा



प्रशिक्षकहरुको भूमिका प्रभावकारी हुने बताउनुहुँदै कर चुहावटको विषयमा गम्भीर हुन पनि निर्देशन दिनुभयो ।

सहभागी प्रशिक्षकहरुले आफूहरुले सिकेका कर सम्बन्धी विषयले हजारौंलाई प्रशिक्षक बनाउने बताए । आफूहरुले सञ्चालन गर्ने कार्यक्रमले राजस्व वृद्धिमा सहयोग पुग्ने बताउँदै साना करदाताहरुलाई परेको समस्या आफूहरुले समाधान गर्ने बताए ।

कार्यक्रममा आइक्यानका अध्यक्ष, एक्यानका उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्षलगायतले प्रशिक्षकहरु तयार भएकाले करदाताहरुले कर सम्बन्धी विषयमा ज्ञान हासिल गर्न सक्ने बताएका थिए । उहाँहरुले कर प्रशासन र व्यवसायीको दूतको रुपमा प्रशिक्षकहरुले काम गर्नु पर्ने बताउँदै करदातालाई कर तिर्ने चाहना हुँदा हुँदै पनि कतिपय झण्झटले, करदाता शिक्षा तथा सूचनाको कमी जस्ता कारणले गर्दा अप्ठेरो परेको बताउनुभएको थियो । कर तिर्नु सबै नागरिकको दायित्व रहेको बताउनुहुँदै करदाताहरुका व्यवसाय वृद्धि र झण्झट रहित व्यवसाय सञ्चालनका लागि प्रशिक्षकहरुको भूमिका प्रभावकारी हुने उहाँहरुको अपेक्षा थियो ।

नेपालको कर सम्बन्धी व्यवस्था कर कानून तथा कर प्रशासनमा निकै सुधार आए पनि करदाताको सो अनुरुप दक्षतामा अभिवृद्धि हुन नसकेको कर कानूनले निर्दिष्ट गरेका व्यवस्थाहरुको परिपालनामा कठिनाई भएको तथा नयाँ सन्दर्भमा करदातामा शिक्षालाई प्रभावकारी रुपमा सञ्चालन हुन सकेमा कर सहभागिता उत्साह जनक रुपमा वृद्धि हुने महशुस गरी आन्तरिक राजस्व विभाग तथा नेपाल उद्योग वाणिज्य महासंघको समझदारीमा करदातासंग सर्वेक्षण गरी करदाता शिक्षालाई व्यापक बनाउन स्थानीय स्तरमा कर प्रशिक्षक तयार गर्ने उद्देश्यले प्रशिक्षक प्रशिक्षणमा सहभागी गराईएको हो ।

# नयाँ सुधार योजना तर्जुमाको छलफल सम्पन्न

आन्तरिक राजस्व विभागको पांच वर्षिय रणनीतिक योजना (२०१२/०१३-२०१६/०१७) को आधारमा तयार गरिएको पहिलो तीन वर्षीय सुधार योजना (२०१२/१३-२०१४/०१५) को समयावधि समाप्त भएकोले रणनीतिक योजनाको मध्यावधि मूल्यांकन गरी नयां सुधार योजना तर्जुमा गर्ने कार्य भैरहेको छ। सो कार्यका लागि परामर्शदाताको रुपमा छनौट हुनु भएका कर विज्ञ डा. रुप बहादुर खड्काद्वारा तयार भएको प्रारम्भिक प्रतिवेदनमा आन्तरिक राजस्व विभागको सभाहलमा असार २५ गते छलफल कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रममा परामर्शदाताबाट तयार गरिएको प्रतिवेदनमा बुंदागत रुपमा पृष्ठपोषण प्रदान गरी सुधार गर्नुपर्ने विषयहरु





पहिचान गरिएको थियो । नीतिगत सुधार, करदाता शिक्षा, सूचना प्रविधि एवं क्षमता विकासका विषयवस्तुलाई मूलभूतरुपमा समावेश गरिएको उक्त सुधार योजनालाई छिट्टै अन्तिमरुप दिई कार्यान्वयनमा ल्याइने तयारी विभागको रहेको छ । कार्यक्रममा विभागका कार्यरत अधिकृतस्तरसम्मका सबै कर्मचारीहरुको सहभागिता रहेको थियो ।

## १ पेजको बांकी...

शर्माले कार्यक्रमलाई फलदायी वनाउन सहभागीहरुलाई अनुरोध गर्नुभएको थियो ।

कार्यक्रममा सार्क सचिवालयकी निर्देशक एल. सावित्रीले यस्ता सेमिनारले सदस्य राष्ट्रको कर प्रशासनमा संलग्न जनशक्तिको क्षमता अभिवृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने, उत्कृष्ट अभ्यासको आदान प्रदानले एक अर्काबीचको सन्धि सम्झौताको कार्यान्वयनमा थप सहजता ल्याउने बताउनुभयो । उहाँले यस्ता सम्झौताहरुले देशहरुबीचको कुटनीतिक तथा आर्थिक सम्बन्ध समेतलाई थप मजबुत बनाउने बताउनुहुँदै यस क्षेत्रमा क्षेत्रीय लगानी सम्बन्धी सम्झौताको टड्कारो आवश्यकता महसुश गरिएकोले सोको तयारी भैरहेको समेत बताउनुभयो ।

आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राममणि दुवाडीले सार्कका सवै सात देश र सार्क सचिवालयका प्रतिनिधिहरुलाई स्वागत गर्नु भएको थियो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका निर्देशक श्री चेतनाथ दाहालले नेपालको कर प्रणालीका विविध पक्षहरुको वारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने सातै देशका प्रतिनिधिहरुले आआफ्नो देशको कर प्रणाली तथा कर सम्वन्धी सम्झौताहरुको अवस्थाका वारेमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

## ५ पेजको बांकी...

करवाट कर उत्पादन गर्ने अभियानमा लागेको जानकारी दिनुभयो । उहाँले कार्यालयको भवन उद्घाटन गर्दैमा सवै समस्य हल नहुने भन्नुहुँदै यसको जनशक्ति विस्तार र स्वतन्त्र संस्थाका रुपमा स्थापित गर्ने बताउनुभयो । कार्यवोझका आधारमा सांगठनिक संरचना विस्तार गर्छौ उहाँले भन्नुभयो । संघीयताको कार्यान्वयनको निरन्तरतामा छौं । त्यहि अनुसारको आन्तरिक राजस्व विभागलाई व्यवस्थित र प्रभावकारी वनाउदै लग्न जरुरी रहेकोमा जोड दिनुभयो । अहिले जुम्लाले आन्तरिक राजस्व कार्यालय नेपालगंज अर्न्तगत जुम्लामा कार्यालय स्थापना भएको हो । लामो सयम देखि नेपालगंजमा कर तिर्न करदाता कार्यालयमा हप्तौ कुर्नु पर्ने कर्णालीवासीको वाध्यता टरेको बताउनुभयो । उहाँले एक फरक प्रसंगमा आफुले परिकल्पना गरेको र देखेको जुम्लामा निकै फरक अनुभव सुनाउनु भयो ।

## राजस्व संकलन...

आयकर तर्फ जम्मा रु. १ खर्व १७ अर्व १३ करोड ११ लाख ७४ हजार, मू.अ.कर तर्फ रु.४९ अर्व ८२ करोड ३५ लाख हजार, अन्तःशुल्क तर्फ रु. ३६ अर्व १९ करोड ३१ लाख ४० हजार, शिक्षा सेवा शुल्क तर्फ रु ७२ करोड ७ लाख २४ हजार र स्वास्थ्य सेवा शुल्क तर्फ रु ५६ करोड ६८ लाख १८ हजार समेत जम्मा रु. २ खर्व ४ अर्व ४३ करोड ५३ लाख ९२ हजार असुली भएको छ ।

२०७२ वैशाखको शुरुमै देशले भोग्नु परेको विनाशकारी भूकम्प, २०७२/७३ को प्रारम्भदेखि नै तराई स्थित नाकामा भएको आपूर्ति अवरोध, विकास निर्माणमा देखिएको सुस्तता, पूँजीगत खर्चमा भएको कमी, आर्थिक वर्षको आधा समय २०७२ फागुन महिनासम्म तराईमा भएको बजार वन्द आदि कारणहरुले २०७२ फागुन महिनासम्म रु. १० अर्व २२ करोड १० लाख राजस्व घटी असुली भएको अवस्था रहेको थियो ।

उक्त अवधिमा राजस्व लक्ष्यको तुलनामा असुली घटी हुनका कारणहरुको समीक्षा गर्दै ती कारणहरुबाट सृजित समस्या समाधानका लागि राजस्व संकलन व्याक अप प्लानलाई कार्यान्वयन गर्न राजस्व संकलन रणनीति तयार गरी फागुन महिनासम्मको घटी राजस्व समेत पूरा भई वार्षिक लक्ष्य रु. १ खर्व ९४ अर्व ६७ करोड ६२ लाख ९९ हजार रहेकोमा उक्त लक्ष्यभन्दा रु ९ अर्व ७५ करोड ९० लाख ९३ हजार वढी राजस्व संकलन गर्न विभाग सक्षम भएको छ ।

उल्लेखित कठिनाइहरुका वावजुद आर्थिक वर्ष २०७२/०७३ का लागि तोकिएको राजस्व लक्ष्य रु १ खर्व ९४ अर्व ६७ करोड ६२ लाख ९९ हजार भएकोमा रु.२ खर्व ४ अर्व ४३ करोड ५३ लाख ९२ हजार असुली भएको छ। उल्लेखित असुली गत वर्षको असुलीको तुलनामा १२८ प्रतिशत वृद्धि सहितको राजस्व संकलनको लक्ष्य पूरा गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण उद्योगी, व्यवसायी, करदाताहरुलाई विभाग हार्दिक धन्यवाद दिन चाहन्छ । लक्ष्य पूरा गर्न सहयोग तथा मागदर्शन प्रदान गर्ने नेपाल सरकार, मा.अर्थमन्त्रीज्यू, मा. अर्थ राज्यमन्त्रीज्यू, श्रीमान् अर्थ सचिवज्यू, श्रीमान् राजस्व सचिवज्यू र सम्वद्ध सवै महानुभावहरुमा विभाग हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्दछ ।

## मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल बिजक लिने दिने सम्बन्धी सूचना

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्य रुपमा बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरू खटाइएको छ । बिक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोवार भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु ५०००।- (पाँच हजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु तथा सेवा बिक्री गर्दा अनिवार्य रुप्मा विजक जारी गर्नुहुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्य रुपमा विजक लिन हुन अनुरोध छ ।

प्रकाशक
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

संरक्षक
चुडामणि शर्मा

संयोजन
दीपक अधिकारी

सल्लाहकार
राममणि दुवाडी
विष्णुप्रसाद नेपाल

सम्पादन समूह
सम्झना बराल
अर्जुनप्रसाद भट्टराई
शिवलाल तिवारी
प्रकाश शर्मा ढकाल
आनन्द काफ्ले